(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८३ बैशाख १ गते देखि असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको

## (स्वतः प्रकाशन)

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

राजपुर, डोटी

२०८३ साउन

## १. परिचय

शिक्षामा क्षेत्रीय प्रशासनको सुरुआत पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा वि. स. २००३ (सन्१९४६) मा स्थापना गरिएको विद्यालय उपनिरीक्षकको कार्यालयसँगै भएको हो । चिफइन्सपेक्टर अफ स्कुल्स अफिस भने वि.स. १९९८ मा काठमाडौँमा स्थापना भएको थियो । वि.स. २०१० सालमा नेपाललाई सात क्षेत्रमा बाँडेर सात ओटा डिभिजिनल इन्सपेक्टर अफ स्कुल्स अफिस स्थापना गरी विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवारी दिइएको थियो । वि.सं. २०१८ सालमा १४ अञ्चल र ७५ जिल्लामा नेपाललाई विभाजन गरिए अनुसार १४ ओटा अञ्चल शिक्षा अधिकारी कार्यालय र ७५ ओटा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना सँगै इन्सपेक्टर अफ स्कुल्स अफिसको व्यवस्था हटेको हो ।

तत्पश्चात् क्षेत्रीय विकासको अवधारणा बमोजिम क्षेत्रीय शिक्षा निर्देशनालयहरूको स्थापना राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सँगै भएको हो । शैक्षिक प्रशासनको प्रभावकारिता वृद्धि गर्ने र यसलाई विद्यालय तथा आमजनसमुदायको नजिक लैजाने उद्देश्यले क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापना भएको हो । नेपालमा यस्ता क्षेत्रीय शिक्षा निर्देशनालयहरू पाँच ओटा रहेका थिए ।

संघीय गणतन्त्र नेपाल राज्यको प्रशासनिक पुनर्संरचनाको क्रममा नेपाल सरकारको मिति २०७५।०३।३२ को निर्णयानुसार सुदूरपश्चिम प्रदेश सरकार,सामाजिक विकास मन्त्रालयको मातहत रहने गरी मिति २०७५ साल असोज १ गते शिक्षा विकास निर्देशनालय दिपायलको स्थापना भएको हो । यस निर्देशनालयले सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले निर्धारण गरेका शैक्षिक नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्ने कार्य गरीरहेको छ। हाल निर्देशनालयले डोटी जिल्लाको राजपुर दिपायल स्थित साविकको क्षेत्रीय शिक्षा निर्देशनालयको भवनबाट सेवा प्रवाह गरीरहेको छ।

## २. शिक्षा विकास निर्देशनालयको कार्य विवरण

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत रहने गरी शिक्षा विकास निर्देशनालयको स्थापनाको औचित्यलाई दृष्टिगत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघ स्तरमा रहेका निकायहरूको कार्य विवरणसँग नबाझिने गरी देहायका कार्य विवरण निर्धारण गरिएको छ ।

- शिक्षा सम्वन्धी राष्ट्रिय, अन्तराष्ट्रिय एवं राष्ट्रसंघीय संझौता,घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति, आयोजनाका साथै राष्ट्रिय अभियानका कार्यक्रमहरुलाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
- प्रदेश स्तरमा संचालन हुने दिगो विकासका लक्ष्य(sustainable development goal) अन्तर्गतको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक पठनसीप परियोजना, शिक्षाका खाद्य कार्यक्रम

लगायतका सवै प्रकारका परियोजना कार्यान्वयन व्यवस्थान तथा नियमित प्रतिवेदन तयारी गर्ने।

- प्रदेश स्तरको उच्च शिक्षाका नीति, कानून, प्रशासन र नियमन गर्न सामाजिक विकास मन्त्रालयलाई सहयोग गर्ने।
- विज्ञान तथा प्रविधि सम्वन्धी खोज, आविष्कार तथा विद्यालय एवम् उच्च शिक्षामा विज्ञान र प्रविधिको पठनपाठन व्यवस्था प्रवर्धन सम्वन्धी व्यवस्थापकीय कार्य गर्ने ।
- प्रदेश विश्वविद्यालय स्थापना, सञ्चालन तथा नियमनको व्यवस्था मिलाउने सम्वन्धी प्राविधिक कार्य गर्ने ।
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन सम्बन्धी कार्य गर्ने ।
- प्रदेश स्तरमा उच्च शिक्षाका स्वदेशी छात्रबृत्ति व्यवस्थापन गर्ने ।
- शिक्षाको प्रादेशिक नीति तथा कानून निर्माणका सामाजिक विकास मन्त्रालयलाई प्राविधिक सहजीकरण गर्ने ।
- प्रादेशिक स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र परीक्षण गर्ने ।
- प्रदेश स्तरमा पुस्तकालय तथा संग्रहालय सञ्चालनका  नीति, कानून, मापदण्ड तयार गर्न मन्त्रालयलाई सहजीकरण गर्ने र कार्यान्वयन व्यवस्था मिलाउने ।
- प्रदेशका मानव संशाधन आवश्यकता प्रक्षेपण गर्ने तथा प्रादेशिक जनशक्ति योजना तर्जुमा गर्ने।
- विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेश स्तरमा मापदण्ड निर्धारण एवम् नियमन सम्बन्धी कार्य गर्ने ।
- स्थायी शिक्षकहरुको निवृत्तिभरण, विमा, औषधी उपचार खर्च, पारिवारिक निवृतिभरण, पारिवारिक वृति, शैक्षिक भत्ता तथा सन्ततिवृत्ति र उपदान वितरण व्यवस्था मिलाउने ।
- स्थायी शिक्षकहरुको वार्षिक तलवी विवरण पारित गराउने ।
- शिक्षकहरुको सम्पत्ति विवरणको अभिलेख राख्ने ।
- शिक्षा क्षेत्रमा कामगर्ने कर्मचारी, प्राविधिज्ञ तथा शिक्षकका  सेवाकालिन लगायतका सबै प्रकारका क्षमता विकास कार्यक्रम प्रयोजनका  नीतिगत मार्गदर्शन प्रदान गर्ने ।
- प्रदेशस्तरमा विद्यालयतहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण, उत्पादन र प्रकाशन एवम् विद्यालयमा वितरणको व्यवस्था मिलाउने ।
- सामुदायिक तथा संस्थागत विद्यालयका  निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री प्रयोगका  स्वीकृति प्रदान गर्ने सम्बन्धी कार्य गर्ने।
- प्रदेशभरका विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन, निगरानी तथा सहजीकरण गर्ने ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्वन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई सहजीकरण गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रबृत्तिको नियमन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रमर पाठ्यसामग्री स्वीकृतिका मन्त्रालयलाई सहजीकरण गर्ने ।
- संघले तय गरेको एकीकृत शैक्षिक ब्यबस्थापन सूचना प्रणालीसँग तादात्म्य हुने गरी प्रदेश भित्रको विद्यालय र उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन तथा अध्यावधिक गर्ने ।
- विभिन्न शैक्षिक मुद्दामा प्राज्ञिक तथा कार्यमूलक अनुसन्धानहरु सञ्चालन गरी तथ्यमा आधारित निर्णय सम्पादनको संयन्त्र परिचालन गर्ने ।
- सम्मानित सर्वोच्च तथा उच्च अदालतद्वारा प्रदेश तहका भएका शिक्षा सम्वन्धी फैसला तथा कानुनी सिद्दान्त कार्यान्वयन गर्ने।
- साविकमा क्षेत्रस्तरमा स्थापना गरिएका निजामती विद्यालयको व्यवस्थापन गर्ने ।
- प्रदेशभित्र समानान्तर अनौपचारिक शिक्षा प्रणाली अन्तर्गत परीक्षण कार्य, विद्यालयको कार्य सम्पादन परीक्षण (Performance audit) कार्य तथा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण सम्वन्धी कार्यको व्यवस्थापन तथा समन्वय गर्ने ।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धता वमोजिम प्रदेशभित्र बाँकी रहेका निरक्षर जनसंख्यालाई साक्षर तुल्याउन समन्वय तथा साक्षर जिल्ला तथा साक्षर प्रदेश घोषणा गर्ने ।
- राष्ट्रिय परीक्षा बोर्डले तोकेको मापदण्डको आधारमा प्रदेशस्तरमा कक्षा १० (SEE) को परीक्षा सञ्चालन तथा ब्यवस्थापन गर्ने ।
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरु गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा किटान नगरिएका विद्यालय शिक्षा तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्वन्धी कार्य लगायत कानूनले निर्दिष्ट गरेका अन्य कार्यसम्पादन गर्ने ।
- प्रदेशको शिक्षा तालिम केन्द्रका काममा सहजिकरण, अनुगमन र नियमन गर्ने ।
- सामाजिक विकास मन्त्रालयवाट तोकिएका अन्य कार्यहरु गर्ने ।

उल्लेखित कार्य विवरण भएतापनि संघीय र प्रदेश सरकारबाट केही अधिकार हालसम्म हस्तान्तरण गरिएको छैन। त्यसका लागि समन्वयात्मक भुमिका निर्वाह गरि कार्य विवरण अनुसारको कार्य गर्न जिम्मेवारी दिनु पर्ने देखिन्छ।

## ३. कार्यालयको संगठन संरचना

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तरगत या कार्यालय रहेका छ ।यस निर्देशनालयका प्रमुखमा राजपत्रांकित प्रथम श्रेणी (अधिकृत एघारौं तह)का महानिर्देशक रहने व्यवस्था छ । यस कार्यालयमा योजना तथा कार्यक्रम शाखा, उच्च तथा प्राविधिक शाखा, शिक्षक सेवा शाखा र अनुसन्धान तथा तथ्याङ्क शाखा गरि चार वटा शाखाहरु रहेका छन् ।

**शिक्षा विकास निर्देशनालय दिपायलको संगठन संरचना**

महानिर्देशक
रा.प.प्र. (शिक्षा/शि.प्र.)-१

**योजना तथा कार्यक्रम शाखा**
उप-सचिव, रा.प.द्वि. (शिक्षा/शि.प्र.)-१
शाखा अधिकृत, रा.प.तृ (शिक्षा/शि.प्र.) -३

**उच्च तथा प्राविधिक शाखा**
उप-सचिव, रा.प.द्वि. (शिक्षा/शि.प्र.)-१
शाखा अधिकृत, रा.प.तृ (शिक्षा/शि.प्र.) -२

**शिक्षक सेवा शाखा**
उप-सचिव, रा.प.द्वि. (शिक्षा/शि.प्र.)-१
शाखा अधिकृत, रा.प.तृ (शिक्षा/शि.प्र.) -२

**अनुसन्धान तथा तथ्याङ्क शाखा**
उप-सचिव, रा.प.द्वि. (शिक्षा/शि.प्र.)-१
शाखा अधिकृत,रा.प.तृ. (प्र./सा.प्र.) -१
तथ्यांक अ ,रा .प.तृ. (आयोत/तथ्यांक) -१
शाखा अधिकृत, रा.प.तृ (शिक्षा/शि.प्र.) -१
लेखा अधिकृत रा.प.तृ (प्रशासन/लेखा) -१
लेखापाल रा.प.अनं.प्र. (प्रशासन/लेखा) -१
प्रा.स. रा.प.अनं.प्र. (शिक्षा/शि.प्र.)-८
ना.सु. रा.प.अनं.प्र. (प्रशासन/सा.प्र.)-३
क.अ. रा.प.अनं.प्र. (विविध.)-२
ह.स.चा. (श्रेणीविहिन) -२
का.स. (श्रेणीविहिन) -३

## ४. विद्यालयहरुको जिल्लागत र तहअनुसारको विवरण २०८२

| SN | District/ School Level | Community Schools by Unit | | | | | Institutional Schools by Unit | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक जम्मा | Basic (1-5) | Basic (1-8) | Sec (1-10) | Sec (1-12) | संस्थागत जम्मा | Basic (1-5) | Basic (1-8) | Sec (1-10) | Sec (1-12) | **कूल जम्मा** |
| 1 | अछाम | 421 | 263 | 57 | 51 | 50 | 22 | 17 | 3 | 2 | 0 | **443** |
| 2 | बैतडी | 512 | 290 | 85 | 80 | 57 | 26 | 18 | 4 | 4 | 0 | **538** |
| 3 | बझाङ्ग | 410 | 250 | 71 | 44 | 45 | 29 | 20 | 8 | 1 | 0 | **439** |
| 4 | बाजुरा | 237 | 125 | 44 | 43 | 25 | 29 | 23 | 4 | 1 | 1 | **266** |
| 5 | डडेल्धुरा | 244 | 130 | 51 | 37 | 26 | 31 | 17 | 8 | 4 | 2 | **275** |
| 6 | दार्चुला | 333 | 215 | 41 | 47 | 30 | 19 | 14 | 2 | 3 | 0 | **352** |
| 7 | डोटी | 360 | 213 | 60 | 58 | 29 | 39 | 14 | 14 | 9 | 2 | **399** |
| 8 | कैलाली | 545 | 232 | 138 | 102 | 73 | 370 | 108 | 131 | 100 | 31 | **915** |
| 9 | कञ्चनपुर | 253 | 73 | 68 | 60 | 52 | 236 | 31 | 100 | 73 | 32 | **489** |
| सुदूरपश्चिम प्रदेश | | **3315** | **1791** | **615** | **522** | **387** | **801** | **262** | **274** | **197** | **68** | **4116** |

**resource: iemis.cehrd.gov.np**

## ५. कार्यालयबाट प्रदान गरिने सेवाहरु

- एस.इ.इ./एस.एल सी. परीक्षाको प्रमाण पत्रहरुको प्रतिलिपि वितरण,

- एस.इ.इ परीक्षा संचालन सम्बन्धी बजेट व्यवस्थापन,
- पदेश स्तरमा शैक्षिक सूचना व्यवस्थापन पणाली(PIEMIS) व्यवस्थापन तथा सूचना प्रकाशन,
- शिक्षक सेवा आयोग बाट प्रकाशित शिक्षकहरुको का.स.मु. मा आधारित बढुवाको नतिजा प्रकाशन ।
- ७५% बढुवाको पुनरावलोकन निवेदन संकलन,
- ७५% बढुवा नतिजाको स्थान र कूल प्राप्ताङ्क बारेमा सूचना दिने,
- विद्यालयलाई वितरण हुने अनुदानको प्रस्ताव लिने, छनोट गर्ने र सम्झैता गर्ने
- विद्यालय क्याम्पस उपभोक्ता समितिहरुसँग विपद् व्यवस्थापनका लागि निर्माण लगायतका अन्य कार्यक्रमहरुको सम्झौता गरी कार्यदेश दिने,
- शिक्षक सेवा आयोगद्वारा सचालित प्रा.वि. र नि.मा.वि. तहको खुला र आ.प्र. परिक्षाको अन्तरवार्ता सन्चालन।
- PIEMIS सम्बन्धी सूचना दिने, अध्ययन अनुसन्धान गर्ने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरू सम्पादन ।

## ६. सूचना प्रकाशनको अवधी(आ.ब. २०८२।८३ चौथो त्रैमासिक)मा भएका मुख्य कार्यहरुः

- सामाजिक विकास कार्यालय र शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखहरूलाइ शैक्षिक नीति कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण।
- संघ प्रदेश साझेदारीमा अनिवार्य तथा निःशुल्क शिक्षामा सम्बन्धी कार्ययोजना कार्यक्रमका लागी अर्न्तक्रिया/गोष्ठी ।
- STEAM (Science Technology Engineering Arts Mathematics) विद्यालय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा ८ वटा जिल्लाबाट विद्यार्थीहरूको सहभागिता ।
- विपदवाट क्षति भएका विद्यालयहरू लाई भौतिक सुधार बाफतको अनुदान रकम वितरण।
- ठूला विद्यालयमा विकासको लागि निर्माण भइरहेका विद्यालयहरूको र भवनहरूको अनुगमन निरीक्षण तथा रकम निकासा ।
- निजामती कर्मचारी आवासीय विद्यालयको भवन निर्माण कार्यको रकम निकासा ।
- ठूला विद्यालय लगायत बौद्दिक अपाङ्गता भएका विद्यालयमा निर्मित संरचनाको रकम निकासा।
- ९ वटै जिल्लाका विद्यालयहरूको भोतिक, शैक्षिक लगायत निरीक्षण सुपरीवेक्षण र सामाजिक विकास कार्यालयहरूको अनुगमन निरीक्षण ।
- कक्षा १२ को परीक्षा अनुगमन निरीक्षण ।

- सिकाइ उपलब्धि न्यून भएका माध्यमिक विद्यालयका शिक्षकहरूलाई उच्च सिकाई उपलब्धि भएका विद्यालयका शिक्षक तथा विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरू संग असल अभ्यासहरुको अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन।
- प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सञ्चालन गरिएको ।
- विद्यालय दिवा खाजा कार्यक्रम, नमुना विद्यालय, नमुना बालविकास केन्द्रहरुको अनुगमन निरीक्षण गरिएको।
- शैक्षिक सत्र २०८२ को वार्षिक बुलेटिन प्रकाशन।
- विद्यालय व्यवस्थापन समिति महासंघ संगको समन्वयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू संग शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया सञ्चालन।
- विभिन्न विद्यालयहरूमा शैक्षिक सामाग्री, खेलकुद सामाग्री, संगीत सामाग्री सहयोग कार्यक्रम अन्तर्गत रकम निकासा।
- विद्यार्थी भर्ना अभियान तथा विभिन्न शैक्षिक जन-चेतना मूलक सामाग्री एफ. एम, पत्र पत्रिकाहरूमा प्रकाशन तथा प्रसारण।
- विद्यालयहरूका असल अभ्यासहरूको आदान प्रदान कार्यक्रम सञ्चालन ।
- माध्यमिक शिक्षा परीक्षा SEE/SLC को मार्क-सिट/ग्रेड-सिट, मुल प्रमाणपत्र, प्रोभिजनल र माइग्रेसन प्रमाणपत्रहरू विभिन्न कारणले हराएको भनि प्राप्त निवेदन अनुसार ८० जनालाई तत्कालै प्रतिलिपि उपलब्ध गराइएको।
- SEE को शैक्षिक प्रमाणपत्रहरूमा नाम, थर, जन्ममिति हिज्जे लगायतका विवरण सच्याइएको ३ जनाको संसोधित विवरण राष्ट्रिय परिक्षा बोर्ड (कक्षा १०) सानोठिमी, भक्तपुरमा Verification को लागि पठाइएको ।
- SLC/SEE परिक्षा सम्बन्धि विवरणहरू २०५२ साल देखि २०७१ साल सम्म ढड्डामा(Offline) र २०७२ सालदेखि हालसम्मका अनलाइनमा समेत अभिलेख व्यवस्थापन गरि सेवा प्रवाह भइरहेको ।

## ७. कार्यालयसंग सम्बन्धित एन कानून नियम निर्देशिकहरु

- शिक्षा ऐन २०२८
- शिक्षा नियमावली २०५९
- शिक्षक सेवा आयोग नियमावली २०५७
- प्रदेश नमुना विद्यालय छनौट तथा विकास एवम् सञ्चालन निर्देशिका, २०८२
- विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

- सुदूरपश्चिम प्रदेश प्रारम्भिक वालविकास तथा शिक्षा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२
- बालिका तथा समावेशी शिक्षा सम्बन्धी रणनीति, २०८२
- सुदूरपश्चिम प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८२
- SEE परिक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०७८

## ८. कार्यालयको आर्थिक बर्ष २०८२।८३ चौथो त्रैमासिक सम्मको बजेट र प्रगति

**क. कार्यक्रमको नामः** शिक्षा विकास निर्देशनालय **ब.उ.शि.नं.** ३५००१०११३/ ३५००१०११४

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| विनियोजन | ४७८९८०००/- | ११५०००००/- | ५९३९८०००/- |
| खर्च | ३४६४७५६७/- | ९९४८३७४/- | ४४५९५९४१/- |
| खर्च प्रतिशत | ७२.३४% | ८६.५१% | ७५.०८% |

**ख. कार्यक्रमको नामः** राष्ट्रिय परीक्षा वोर्ड (संघ शसर्त अनुदान) **ब.उ.शि.नं.** ३५०९११२५३

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| विनियोजन | ३८५०००००/- | - | ३८५०००००/- |
| खर्च | ३८४६२१७८/- | - | ३८४६२१७८/- |
| खर्च प्रतिशत | ९९.९०% | - | ९९.९०% |

**ग. कार्यक्रमको नामः** एसइइ परीक्षा संचालन **ब.उ.शि.नं.** शिक्षा विकास निर्देशनालय विविध खाता

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| विनियोजन | ४०००००००/- | - | ४०००००००/- |
| खर्च | ३४७८१२१/- | - | ३४७८१२१/- |
| खर्च प्रतिशत | ८६.९५% | - | ८६.९५% |

**घ. विद्यालय शिक्षा क्षेत्र योजना(संघ शसर्त अनुदान) ब.उ.शि.नं** ३५०९११४३३/४३४

| विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|
| विनियोजन | ३२९०००००/- | ४०००००००/- | ७२९०००००/- |
| खर्च | ५५७२३८९/- | १७४१६२४१/- | २२९८८६३०/- |
| खर्च प्रतिशत | १६.९४% | ४३.५४% | ३१.५३% |


**कार्यालयको सम्पर्क विवरण**

**ठेगाना :** दिपायल सिलगढी न.पा., ०४ राजपुर, डोटी

**वेवसाइट :** edd.sudurpashchim.gov.np , **फोन:** ०९४४४०१३५

**इमेल :** rdfwred@gmail.com, edd@sudurpashchim.gov.np